च.नं : MBL/CS/079/80-43

मिति : २०७९/०९/०७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा, काठमाण्डौ, नेपाल ।

**विषय : बार्षिक साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०७९/०९/०७ मा बसेको संचालक समितिको ४७४ औं बैठकको निर्णयानुसार यस बैंकको चौबीसौं वार्षिक साधारण सभा देहायका बिषयहरुमा छलफल तथा निर्णय गर्नका लागि सहभागि हुन सकिने गरी निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदो जानकारीका लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

| | | |
|---|---|---|
| सभा हुने मिति | : | २०७९ साल पौष २९ गते (तदनुसार १३ जनवरी २०२३), शुक्रबार । |
| सभा शुरु हुने समय | : | विहान ११:०० बजे । |
| स्थान | : | सभामण्डप, आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं । |

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७८/७९ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी माछापुच्छ्रे क्यापिटल लिमिटेडको आ.व २०७८/७९ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तिय विवरण (Consolidated Financial Statement) छलफल गरी पारित गर्ने ।
४. आर्थिक वर्ष २०७९/८० को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स्, कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुन: नियुक्ती हुन योग्य हुनुहुन्छ)
५. संचालक समितिमा रिक्त रहेको संचालक पदमा संचालक समितिले साविक संचालकको बाँकी कार्यकालसम्मको लागि गरेको संचालकको नियुक्ती अनुमोदन गर्ने ।
६. संस्थापक समूहका सेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

Machhapuchchhre Bank Ltd. Head Office



**Head Office:**
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com

**ख. विशेष प्रस्ताव :**

१. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न) तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कनको लागि मूल्याङ्कनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) बिविध ।**

**शेयर दाखिल खारेज बन्द सम्बन्धी :**

**साधारण सभाको लागि मिति २०७९ पौष १७ गते सेयर दाखिल खारेजको दर्ता बन्द हुने भएको हुँदा सो भन्दा अगाडी नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोवार भई सोको ७ कार्य दिन भित्र यस बैंकको शेयर शाखा, सुन्धारा, माछापुच्छ्रे क्यापिटल लि. रहेको भवन, जे डि कम्प्लेक्स, काठमाडौंमा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा कायम भएका शेयरधनीहरुले सो सभामा भाग लिन, मतदान गर्न पाउने छन् ।**

भवदिय,

............................
सुभाष जमरकटेल
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd. Head Office



**Head Office:**
P.O. Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com